गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०४/११

# प्रतापपुर गाउँपालिका

## बेलाटारी, नवलपरासी(ब.सु.प.)

प्रतापपुर गाउँपालिकाको कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धि कार्यविधि, २०८२

प्रस्तावना

प्रतापपुर गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रका खेति योग्य जमिनमा बाहैं मास सिंचाईको सुनिश्चितता प्रदान गर्दै वर्षमा तिन बालि उत्पादन हुने अवस्थाको सृजना गरी कम लागतमा कृषिको उत्पादन गर्रि कृषकहरुको आम्दानी वृद्धि गर्न कृषकहरुलाई निःशुल्क सिंचाईको व्यवस्था गर्ने प्रतापपुर गाउँपालिकाको नीति रहेको छ । कृषकहरुलाई निःशुल्क सिंचाईको व्यवस्था गर्ने गाउँपालिका को नीति अनुरुप प्रतापपुर गाउँपालिकाको नीतिगत विकास कार्यक्रम अन्तर्गत विद्युतीय मोटरबाट सिंचाई गर्ने कृषकहरुलाई कृषि विद्युत महशुलमा अनुदान दिने सम्बन्धि कार्यक्रम संचालन गर्न वान्छनीय भएकोले , प्रतापपुर गाउँपालिका कार्यपालिकाले यो कार्यविधि बनाई जारि गरेको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "प्रतापपुर गाउँपालिकाको कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धि कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

१.२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. 'बालि" भन्नाले धान, गंहु, मकै, उखु, दलहन, तेलहन, तरकारी, मसला, फलफुल, माछापालन लगायतका अन्य सबै प्रकारका कृषि बालिहरुलाई सम्झनुपर्छ।

ख. "कृषि" भन्नाले खाद्यान्न बालि, वागवानी जन्य, फलफुल, तरकारी, मसला वालि, पुष्प, घाँसे बालि, दलहन, तेलहन बालि, कपास, जुट, उखु, माछापालनलाई सम्झनुपर्छ।

ग. "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

उमेश चन्द्र यादव
अध्यक्ष

घ. "कार्यविधि" भन्नाले प्रतापपुर गाउँपालिकाको कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धि कार्यविधि, २०८२ सम्झनुपर्छ ।

ङ. "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नो जग्गामा व्यावसायिक कृषि खेति गर्ने वा माछा पालन गर्ने कृषक वा किसान, कृषक समुह, कृषि सहकारी, कृषि व्यवसायी, कृषि फर्म समेतलाई सम्झनुपर्छ ।

च. "गाउँपालिका " भन्नाले नेपालको संविधान बमोजिम गठन भएको प्रतापपुर गाउँपालिकालाई सम्झनुपर्छ ।.

छ. "विद्युत महसुल" भन्नाले कृषि विद्युत मिटर बमोजिम विद्यत खपत भएकोमा लाग्ने महसुल वापत तिर्नुपर्ने चार्ज रकमलाई सम्झनुपर्छ ।

ज. "कृषि शाखा" भन्नाले प्रतापपुर गाउँपालिकाको कृषि शाखालाई सम्झनुपर्छ ।

१.३. कार्यक्रम संचालनको उद्देश्य यस कार्यक्रम संचालनका उद्देश्य देहाय अनुसार हुनेछ ।

क. कृषिको उत्पादन र उत्पादकत्व वृधि गर्ने ।

ख. कृषि व्यवसायमा आकर्षण बढाउने र बाहै महिना सिंचाईको सुनिश्चितताको लागि सहयोग पुर्याउने ।

ग. कृषिमा लागत घटाउने ।

घ. कृषकको आय वृद्धि मार्फत कृषकको समग्र जीवन स्तरमा सुधार ल्याउने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

**२.१. कार्यक्रम कार्यान्वयन यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछ ।**

(क) यस कार्यक्रम संचालनको लागि गाउँपालिकामा कृषि शाखालाई जिम्मेवारी दिइनेछ ।

(ख) कृषकहरुले कृषि विद्युत मिटरमा उठेको विद्युत महसुलको अनुदानका लागि अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिका कार्यालयमा भुक्तानीको लागि आवश्यक कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(ग) कृषकहरुले अनुदान माग गर्दा चालु आ.व. भित्र कृषि विद्युत मिटर रिडिंगको रसिद संलग्न गरी गाउँपालिकाको सूचना बमोजिमको समयावधिमा कृषि विकास शाखामा पेश गर्नुपर्नेछ।

(घ) कृषि विकास शाखा मार्फत पेश भएको कृषि विद्युत मिटर बमोजिम खपतको विद्युत युनिटको आधारमा जरिवाना बाहेकको महसुल अनुदान सम्बन्धित कार्यालय (विद्युत प्राधिकरण) लाई एकमुष्ट उपलब्ध गराईनेछ।

(ङ) चालु आ.व. भन्दा पहिलेनै कृषि विद्युत मिटर जडान गरी सकेका कृषकहरुले समेत विद्युत महसुलमा अनुदान माग गर्न सक्नेछन।

(च) गाउँपालिकाको कृषि विकास शाखाले कृषि विद्युत मिटर र खपतको अवस्थाको अनुगमन गर्नेछन।

**२.२ भुक्तानी प्रक्रिया:** भुक्तानीको लागि कृषि मिटर ग्राहकले मिटर रिडिंगको रसिदको छाँया प्रति संलग्न गरी गाउँपालिका कार्यालयको कृषि विकास शाखामा भुक्तानीको लागि सिफारिस गरीदिनुहुन भने निवेदन पेश गर्नु पर्नेछ र रिडिंग बिल सिचाई कार्यमा नै प्रयोग भएको हो, घरायसी वा अन्य प्रयोजनमा प्रयोग भएको होईन भन्ने स्व-घोषणा सहितको निबेदन पेश गर्ने। अन्य प्रक्रिया देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका ले कृषि विद्युत महसुल अनुदान माग गरी निवेदन पेश गरे अनुसारको अनुदान वापतको रकम विनियोजित बजेट शीर्षक भित्र रही भुक्तानी दिइनेछ।

(ख) चालु आ.व. मा खपत भएको विद्युत महसुलमा अनुदान भुक्तानी गरिनेछ।

(ग) कृषि विद्युत महसुलमा अनुदान भुक्तानी गर्दा नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरिनेछ।

(घ) कृषि विद्युत महसुलमा अनुदान रकम पाउने कृषकले सो मिटरमा प्रतापपुर गाउँपालिकाबाट विद्युत महसुल अनुदान प्राप्त गरिएको भनि पम्प हाउस वा मिटर बक्समा लेख्नुपर्नेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

## परिच्छेद-३
## अनुगमन तथा मुल्यांकन

३.१ संचालित कार्यक्रमको अनुगमन तथा मुल्यांकनको कार्य गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत, कृषि शाखाबाट हुनेछ।

३.२ कार्यक्रमको फिल्ड अनुगमन तथा बैठक व्यवस्थापन आदि कार्यहरुको लागि आवश्यक बजेट कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद-४
## विविध

४.१ दोहोरो सुबिधा लिन नपाउने :

प्रस्तावित अनुदान कार्यक्रमको लागि अन्य कुनै निकाय वा संस्था वा बैंकबाट सोहि प्रयोजनका निमित अनुदान प्राप्त गरेको पाईएमा यस कार्यक्रममा समावेश हुन् पाउने छैन वा दोहोरो सुविधा लिन पाउने छैन। यस विपरित हुने गरी कुनै लिएको पाईएमा त्यस्तो दोहोरो परेको बराबर रकम असुल उपर गरिनेछ र सम्बन्धित कृषि विद्युत महसुल अनुदान दुई वर्ष सम्म सुविधा लिनबाट बन्चित गरिनेछ।

४.२ कार्यविधिमा हेरफेर गर्न सक्ने यस कार्यविधिमा कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

४.३ कानुन बमोजिम हुने यस कार्य विधिमा उल्लेख नभएका अन्य विषय प्रचलित कानुन बमोजिम हुने छ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

अनुसूची-१

दफा २.१ को खण्ड (ख) संग सम्बन्धित

कृषि विद्युत महसुल अनुदान माग गर्ने निवेदनको ढाँचा

मिति

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

प्रतापपुर गाउँपालिकाको कार्यालय,

बेलाटारी, नवलपरासी(ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

विषय : कृषि विद्युत महसुल भुक्तानी पाउ बारे।

महोदय,

प्रस्तुत विषयमा प्रतापपुर गाउँपालिका बाट मिति . ..... ..... ..... ......मा सूचना भए अनुसार "प्रतापपुर गाउँपालिकाको कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धि कार्यविधि, २०८२ को दफा २.१ को खण्ड (ख) र (ग) बमोजिम मिति ग्राहक नं... ........को कृषि विद्युत मिटरमा उठेको महसुल जम्मा रु. (अक्षरेपी रु.... ..... .... ..... ..........) बराबर अनुदान रकम नेपाल विद्युत प्राधिकरणं ..... ..... ..... ..... ..... ..... शाखामा भुक्तानी गरीदिनुहुन अनुरोध गर्दछु। यो बिल/रसिद घरायसी तथा अन्य प्रयोजनको होईन तथा दोहोरो सुबिधा पनि लिएको छैन। ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला।

संलग्न कागजातहरु :

१. कृषि मिटर ग्राहकको नागरीकताको छाँया प्रति १ थान

२, जग्गाधनी पुर्जाको छाँया प्रति १ थान

३. मिटर रिडिंग रसिद सक्कल

४. गाउँपालिकाबाट विद्युत अनुदान प्राप्त भनी पम्प हाउस वा मिटर बक्समा लेखिएको फोटो १ प्रति

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

निवेदकको :

हस्ताक्षर :

नाम :